प्रेस विज्ञप्ती

# सिद्धार्थ बैंकका ग्राहकहरुलाई बिराटनगरको गोल्डेन हस्पिटलमा १०% सम्म छुट

*जेठ २१, २०८२, काठमाण्डौं*

सिद्धार्थ बैंक र गोल्डेन हस्पिटल प्रा. लि. बीच बैंकका ग्राहक महानुभावहरुलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ। विराटनगरमा सम्पन्न एक विशेष समारोहमा गोल्डेन हस्पिटल प्राइभेट लिमिटेड (दर्ता कार्यालय जनपथ टोल-११, विराटनगर) का प्रमुख कार्यकारी अधिकृत श्री मो. जियाउल हक र सिद्धार्थ बैंक लिमिटेड (केन्द्रीय कार्यालय नक्साल, काठमाडौं) का विराटनगर शाखा प्रबन्धक श्री सूर्य प्रसाद शर्मा बीच सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो ।

सम्झौता अनुसार बैंकका ग्राहकहरुले बिराटनगर स्थित गोल्डेन हस्पिटलमा बैंकको कार्ड तथा मोबाईल बैंकिङ्ग सेवाबाट भुक्तानी गर्दा १०% सम्म छुट प्राप्त गर्न सक्नुहुनेछ । यस सम्झौताले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

यस समन्वयको बारेमा थप जानकारीका लागि बैंकको २४ सै घण्टा खुल्ला रहने ग्राहक सेवा केन्द्र, 'सिद्धार्थ केयर' मा निम्न माध्यमहरु मार्फत सम्पर्क गर्न सक्नुहुनेछ ।

फोन: ०१ - ५९७००२०
ईमेल: customercare@sbl.com.np

बैंकले डिजिटल भुक्तानीको प्रयोगलाई बढाउन र ग्राहकहरुलाई डिजिल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्ने क्रममा केहि समय अघि मात्रै 'सिद्धार्थ रिवार्डस' नामक लोयल्टी सेवा पनि सञ्चालनमा ल्याएको छ।